आज मिति २०८२/०१/११ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८१/०८२ को १७ औं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

<u>तपसिल</u>

| क.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | बावुराम न्यौपाने | सचिव(प्र प्र अ) | |
| | **आमन्त्रित** | | |
| १५. | कमान सिंह के.सी. | लेखा अधिकृत | |
| १६. | बन्दना शाक्य | योजना शाखा प्रमुख | |
| १७. | अनिल आचार्य | प्रशासन शाखा प्रमुख | |

CS CamScanner

बैठक संख्या: १७

मिति: २०८२/०१/१९ गते, बिहिबार

मिति २०८२/०१/१० गतेको १७ औं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

| क सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | सोह्रौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | • आ.व २०८१/०८२ को सोह्रौं गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | संघीय सम्पुरक र विशेष योजना सम्बन्धमा । | • आ व २०८२/०८३ मा संचालन हुने प्रदेश संघीय समपुरक र विशेष योजना छनौट सम्बन्धमा । | |
| (३) | प्रशासकीय भवनको लागि बजेट माग गर्ने सम्बन्धमा । | • मल्लरानी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक प्रकृया अगाडी बढाउन बजेट माग गर्ने । | |
| (४) | आर्थिक सहयोग सम्बन्धमा । | • आर्थिक अवस्था कमजोर भई उपचार गर्न नसकेका व्यक्ति, विपद् मा परेका परिवार,विभिन्न संघ संस्था र समुहलाई आर्थिक सहयोग उपलव्ध गराउने । | |
| (५) | विविध विषय | • विविध समसामयिक विषयमा छलफल गर्ने । | |

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल



CamScanner

**निर्णयहरुः**

(१) आ.व २०८१/०८२ को सोह्रौं गाउँकार्यपालिका बैठकको समिक्षा गरियो। कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयनको लागि विषयगत शाखा र वडाहरुलाई पत्राचार गर्ने ।

(२) मल्लरानी गाउँपालिकामा आ व २०८२/०८३ मा संचालन हुने तपसिलका समपुरक र विशेष योजना छनौट गरी पठाउने ।कार्यक्रमको नामः साँस्कृतिक र पर्यटकीय मल्लरानी

| समपुरक तर्फ | | | | |
|---|---|---|---|---|
| | | | बजेट | |
| सि.नं. | योजनाको नाम | वडा नं | गाउँपालिका वाट | प्रदेशवाट |
| १ | धरमपानी रैजनपानी चौरपानी मो.वा निरन्तरता | ३ | ५२ लाख ५४ हजार | ५२ लाख ५४ हजार |
| ४ | थापडाँडा प्यूठान क्याम्पस टुनियारुख बसपार्क मो वा निरन्तरता | ४ | ५२ लाख ५४ हजार | ५२ लाख ५४ हजार |
| २ | कुमिकोट – कात्रेखोला -सरङकोट रिङरोड स्तरोन्नती | ५ | ५० लाख | ५० लाख |
| ३ | सोलहाल्ना गोयल्छेडी मो वा स्तरोन्नती | १ | ५० लाख | ५० लाख |
| ५ | चुँजाटाटी बाघखोर खरिनडाँडा सिउते सिउडेनी सोलहाल्ना मो वा स्तरोन्नती | २ | ५० लाख | ५० लाख |
| विशेष तर्फ | | | | |
| १ | सरस्वती आ.वि भवन वन्चरे | ३ | ४० लाख | ४० लाख |
| २ | अमर मा वि भवन चुँजा | २ | ४० लाख | ४० लाख |

(३) यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि तयार गरिएको परिमार्जित विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने। यस मल्लरानी गाउँपालिकाको प्रशासकीय भवन नभएका कारण हालसम्म आफ्नै भवनवाट सेवा प्रवाह गर्न नसकिएकोले प्राप्त विस्तृत परियोजना प्रतिवेदन वमोजिमको भवन निर्माण गर्नको लागि "स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७९" वमोजिम माग फारम भरी स्थानीय पूर्वाधार विभाग श्रीमहल ललितपूरमा पठाउने ।साथै उक्त कार्यका लागि नियमानुसार गाउँपालिकावाट व्यहोर्ने लागत रकम गाउँपालिकाले व्यवस्थापन गर्ने प्रतिवद्धता व्यक्त गर्ने ।

(४) आर्थिक अवस्था कमजोर भई उपचार गर्न नसकेका व्यक्ति, विपद् मा परेका परिवार, तपसिलका संघ



बाबुराम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

संस्था र समुहलाई आर्थिक सहयोग उपलब्ध गराउने ।

तपसिल

- मल्लरानी गाउँपालिका वडा नं ४ निवासी विना कसाईको कुखुराको खोरमा मिति २०८१ चैत्र २० गतेको हावा हुरीले क्षति पुगि करिब १०० कुखुराका चल्लाहरु मरेकोले रु ८ हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं २ निवासी श्री हुम बहादुर सुनारको छोरा विर बहादुर सुनारको मानसिक रोगको उपचारको लागि रु ६ हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ निवासी राजकुमार कक्षपतिको उपचारको लागि रु ८ हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ टोप्रे निवासी नारायण बहादुर गुरुङको आगलागिको कारण कटेज क्षति हुँदा रु पाँच लाख बराबरको क्षति भएकोले रु १० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- भ्रष्टाचार बिरुद्ध छैठौं राष्ट्रिय युवा सम्मेलन तथा वास नेपालको दशौं केन्द्रीय अधिवेशनको लागि वास प्यूठानलाई रु १० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- नेपाल मगर संघ जिल्ला समिति प्यूठानको जिल्ला अधिवेशनको लागि रु ५ हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- अखिल नेपाल महिला संघ (क्रान्तिकारी) लाई लुम्बिनी प्रदेश स्तरीय सम्मेलनको लागि रु ७ हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- नेपाल मगर विद्यार्थी संघको राष्ट्रिय अधिवेशनको लागि रु १० हजार सहयोग उपलब्ध गराउने ।

**(४) तपसिलका विविध समसामयिक विषय।**

- मल्लरानी गाउँपालिकाको आ व २०८१/०८२ को स्वीकृत बजेटमा वडा नं ३ कार्यालय तर्फ विनियोजित मोटरी देखि बुढादेवि वन्चरे जोड्ने मो.वा. वाट रु ५० हजार मा ३५ हजार रुपैयाँ दिपज्योती बालविकास केन्द्र घेरावारमा रकमान्तर गर्ने । र बाँकी १५ हजार रुपैयाँ कुन्टे खा.पा तथा धारा मर्मतमा रकमान्तर गर्ने ।
- मल्लरानी गाउँपालिकाको आ व २०८१/०८२ को स्वीकृत बजेटमा वडा नं ३ कार्यालय तर्फ पुन्टे खा पा मुल मर्मत र धारा पँधेरा राम्चे खा पा ईन्टेक मर्मत शिर्षकलाई कुन्टे खा.पा तथा धारा मर्मतमा शिर्षक परिवर्तन गर्ने।
- मल्लरानी गाउँपालिकाको आ.व २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रममा कृषि शाखा तर्फ हलगोरु/बाँझो जमिन खेति प्रोत्साहन शिर्षकमा विनियोजित रकम रु १ लाखवाट उक्त कार्यक्रम संचालन गर्नको लागि सूचना प्रकाशन गरिएकोमा कुनैपनि आवेदन प्राप्त नभएकोले उक्त शिर्षकको रकम रु १ लाख लाई कृषि जन्य वाली वस्तु वितरण गरेवापत उत्पादन प्रोत्साहन शिर्षकमा रकमान्तर गर्ने।
- मल्लरानी गाउँपालिकाको आ.व २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रममा अध्यक्ष विशेष तर्फ, विनियोजित खातेपानी मुल संरक्षण शिर्षकमा विनियोजित रकम रु ५०हजार लाई खरिखोला तथा खातेपानी



प्रमुख प्रशासकिय अधिकृत

मुल संरक्षण मा रकमान्तर गर्ने।

- मल्लरानी गाउँपालिकाको उपभोक्ता समितिलाई निर्माण पूर्व र निर्माण पश्चात अभिमुखिकरण तालिम संचालन निर्देशिका २०८२ स्विकृत गर्ने निर्णय गरियो ।
- मल्लरानी गाउँपालिका वडा नं ३ स्थित निशानटाकुरा सामुदायिक स्वास्थ्य ईकाईमा रिक्त अ.हे.व पदपूर्तिको लागि आवश्यक प्रकृया अगाडी बढाउने । उक्त कार्यको लागि तपसिल वमोजिम पदपूर्ति समिति गठन गर्ने ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| डा. सुवास पौडेल | विज्ञ |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |

प्रमुख प्रशासकीय अधिकृत



CamScanner